आज मिति २०७६ साल श्रावण २ गते विहीबारका दिन दिनको ११.०० बजे देखि मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसारका उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | जहरी |
| १५ | ,, ,, | ठेट कुमारी दहाल | |
| १६ | ,, ,, | रेणु हेन्जन | |
| १७ | ,, ,, | सीता भित्रीकोटी | सीता |
| १८ | ,, ,, | अनिता परियार | अनिता |
| १९ | ,, ,, | राजदेव ठाकुर | राजदेव ठाकुर |
| २० | ,, ,, | गुलाब ठाकुर | |
| २१ | ,, ,, | देवी वहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | राम कुमार कार्की | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

४५.

मिथिला नगरपालिका
कार्यपालिका बैठक

मिति२०७६।०४।०२ गते विहीबार ।

<u>बैठकका प्रस्तावहरु</u>

१. अविरल वर्षाको कारण भएको मानवीय तथा भौतिक क्षतिको विवरण सम्वन्धमा ।

२. क्षति विवरण एकिन गर्न समिति गठन गर्ने सम्वन्धमा ।

३. राहत उपलब्ध गराउने सम्वन्धमा ।

४. विपद्को लागि नगदी कोष राख्ने सम्वन्धमा ।

५. समवेदना प्रकट गर्ने सम्वन्धमा ।

४६.

१. यही मिति २०७६।३।२६ गते विहीबार देखि मिति २०७६।३।३० गते सोमबार सम्म आएको अविरल भारी वर्षाका कारण यस नगरपालिका भित्र हाल सम्म मानवीय क्षति भएको जानकारी प्राप्त नभएको र घर, टहरा, सडक, बाटो, अन्नपात, लगाईएका खेति, उब्जनीयोग्य जग्गाहरुको कटान समेतको क्षतिको घरधुरी विवरण र नगरपालिकाबाट निर्माण भएका भौतिक संरचनाहरुको क्षतिको विवरण वडा वडाबाट लगत संकलन गर्ने कार्य भई रहेको र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट चालु आ.व. २०७५/०७६ को लागि यस कार्यालयलाई अख्तियारी प्राप्त भई कार्यालयबाट उपभोक्ता समिति मार्फत र बोलपत्र तथा शिलवन्दी दरभाउ पत्रको माध्यमबाट योजना सम्झौता भई कार्यान्वयन भई सम्पन्न भएका र वित्तीय समानीकरण, राजस्व बाँडफांड, आन्तरिक श्रोत परिचालन र प्रदेश कार्यक्रमका तपसिल अनुसारको योजनाहरुमा क्षति भएको जानकारी प्राप्त भयो ।

| सि. नं | योजनाको नाम | योजना स्थल | योजनाको किसिम | स्वीकृत बजेट | खुद मूल्यांकन ( खर्च भएको । हुने रकम) | क्षतिको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | नदि तथा खोला किनारा, स्थिरकरण । व्यवस्थापन समेत (स्पर, डाईक वायो ईन्जिनियरिङ्ग समेत) नदि नियन्त्रण सम्वन्धित काम | वडा नं. ११ को लामी डाँडा खोला | नदी नियन्त्रणको Lanching | लागत सहभागिता सहितको २९,१७७५५।९९ | २८,७३,४१८।६१ | १४ वटा ग्याबियन लच्केको । केही बटारिएको । |
| २ | ,, | वडा नं. ११ को गाजले खहरे खोला, लोटाह | नदी नियन्त्रणको Lanching | लागत सहभागिता सहितको १६,६०,०६७।१० | १६,५७,७८१।५४ | १६ वटा ग्याबियन लच्केको । गाउँ जाने बाटो तर्फको २ वटा ग्याबियनको मुख फलेको । |
| ३ | भूमीगत जल पुनः भरण र सतह मुनिको पानी उपयोग, चुरे तथा भाव क्षेत्रमा पोखरी निर्माण | वडा नं. ११ को दुधपानी चुरे | पोखरी निर्माण | लागत सहभागिता सहितको रु.५,५०,७६८।५८ | ३,३८,९०७।१९ | पोखरी पुरिएको र डिल भत्केको । वाल भत्किने अवस्थामा । |
| ४ | नदि तथा खोला किनारा, स्थिरकरण । व्यवस्थापन समेत (स्पर, डाईक वायो ईन्जिनियरिङ्ग समेत) नदि नियन्त्रण सम्वन्धित काम | वडा नं. ११ को तल्लो तुलसी सम्मर टोल रामचन्द्र टोल | नदी नियन्त्रणको Lanching | लागत सहभागिता सहितको रु.४०,७८,७४१।२५ | रु. १५,३३,५९३।५० | पानीले माटो र घाँसले छोपेको , |
| ५ | ,, | वडा नं. ११ को सुन्दरी खोला बलटोल | Shear wall | रु. १२,५५,८८६।८६ ठेक्का | १२,३९,९०३।३३ | वेस स्कोर (खनेको) |
| ६ | गल्छी पहिरो खहरे नियन्त्रण | वडा नं. ११ को विसम्भर रातु नदी प्रणाली | दुई पट्टी ढुंगाको वाल | लागत सहभागिता सहितको रु.६६,००,३७५।६१ | रु. ६५,९८,२८५।५० | छेउछाउ माटो बगाएको । |
| ७ | रेनवाटर रन अफ हार्भेस्टिङ | वडा नं. ११ को विसम्भर रातु नदी प्रणाली | आर सि सि वाल बनाई पानीको वहाव रोक्ने | रु. ११,००।५६०।५३ | रु. ९,६०,५६०।०० | ठिक अवस्थामा |
| ८ | भिराले कृषि भूमीमा बहुवर्षिय वाली विस्तार कार्यक्रम | वडा नं.११ को विसम्वर डुड खोल्सी | वृक्षारोपण | रु. १,१०,०२०।०० | रु. १,१०,०२०।०० | ठिक अवस्थामा |
| ९ | जैविक वातावरणीय एवं भुस्खलनको हिसावले संवेदनशील जग्गालाई तारले घेरी वृक्षारोपण गर्ने | वडा नं. ११ को विसम्वर डुड खोल्सी | वृक्षारोपण गरी तारवारले घेर्ने काम | लागत सहभागिता सहित रु. १,३२,१६७।९५ | रु. १,३१,९१९।६० | ठिक अवस्थामा |
| १० | रेनवाटर रन अफ हार्भेस्टिङ | वडा नं. १० को कुष्ठरोग अस्पतालको उत्तर तर्फ | स्पर निर्माण | लागत सहभागिता सहितको ९,४७,४३६।३६ | रु. ९,४५,३२६।०० | स्परको साईडबाट माटो कटान भएको । स्पर हल्का लच्केको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | " | वडा नं. १० को कुष्ठरोग अस्पतालको उत्तर तर्फ | पोखरी, डयाम र स्पर निर्माण | रु. १७,६०,८९०।३७ ठेक्का | रु. १४,४०,८४२।२२ | पोखरी पुरिएको । स्पर दबिएको र ४ वटा स्पर बगाई दबिएको । |
| १२ | नदि तथा खोला किनारा, स्थिरकरण । व्यवस्थापन समेत (स्पर, डाईक वायो ईन्जिनियरिङ्ग समेत) नदि नियन्त्रण सम्वन्धित काम | वडा नं. १० को रातु नदी प्रणाली वडहरी खोला पूर्व लालगढ | स्पर निर्माण | रु. १७,०९,६१४।५३ ठेक्का | रु. १७,०६,३६०।०० | ७ वटा स्परमा मुख लच्केको र त्यसैको ३ वटा आधा पल्टेको देखिएको । |
| १३ | " | वडा नं. १० को कुष्ठरोग अस्पताल पश्चिम रातु नदिको छेउमा र वडा नं. ९ खम्वा सिंह टोल | स्पर निर्माण | रु. १७,०९,६१४।५३ ठेक्का | रु. १७,०९,६१४।५३ ठेक्का | वडा नं. १० को कुष्ठरोग अस्पताल पश्चिम रातु नदिको छेउमा ४ वटा स्पर बगाएको र खम्वा सिंह टोलको यथावत रहेको |
| १४ | " | वडा नं. ९ को वडहरी सुन्दरपुर | स्पर निर्माण | रु. १७,१५,९९१।५० | रु. १६,०३,४०७।९८ | सबै स्पर लच्केको । केही पल्टेको |
| १५ | भूमीगत जल पुनः भरण र सतह मुनिको पानी उपयोग, चुरे तथा भाव क्षेत्रमा पोखरी निर्माण | वडा नं. ७ को पोखरीया औरही | डयाम र पोखरी र लन्चिङ | लागत सहभागिता सहित रु. २१,४७,४३६।६४ | रु. २१,३९,८११।६३ | चार भागको ३ भाग पुरै भत्केको । पोखरी पुरै पुरेको । र पुरै नदि वहाव परिवर्तन गरी पोखरीबाट गएको । लन्चिङ पुरै बगाएको । |
| १६ | भूमीगत जल पुनः भरण र सतह मुनिको पानी उपयोग, चुरे तथा भाव क्षेत्रमा पोखरी निर्माण | वडा नं. ७ को पोखरीया औरही | पोखरी निर्माण | लागत सहभागिता सहित रु. ७,७१,३८६।२७ | रु. ५,९०,६५१।५१ | पोखरी पुरै पुरेको ।बाध भत्केको र पुरै नदि वहाव परिवर्तन गरी पोखरीबाट गएको । |
| १७ | भूमीगत जल पुनः भरण र सतह मुनिको पानी उपयोग, चुरे तथा भाव क्षेत्रमा पोखरी निर्माण | वडा नं. ७ को पोखरीया औरही | वीच नदिबाट आर सि सि वाल बनाई पानी जम्मा गर्ने । स्पर निर्माण | रु. १६,९९,६२२।३३ | रु. १६,८२,२८०।५१ | ३ वटा स्परको मुखमा पानीले हानेर लच्काएको । नदिको वीचको आर सि सि वाललाई स्कोरिङ गरेको |
| १८ | नदि तथा खोला किनारा, स्थिरकरण । व्यवस्थापन समेत (स्पर, डाईक वायो ईन्जिनियरिङ्ग समेत) नदि नियन्त्रण सम्वन्धित काम | वडा नं. ७ को पोखरीया औरही | डयाम तथा फिल्टर पाईप | रु.४,०७,२५२।७५ | रु.४,००,६६८।५७ | डयामको तल्लो भागमा हल्का स्करिङ गरेको |
| १९ | भूमीगत जल पुनः भरण र सतह मुनिको पानी उपयोग, चुरे तथा भाव क्षेत्रमा पोखरी निर्माण | वडा नं. ७ को पोखरीया मिथिला सागर उत्तर | पोखरी निर्माण | रु. २७,५२,७८२।८३ | रु. २७,४७,८१३।४२ | दमार बाट पोखरी डिल भत्काई पोखरी पुरेको र पूर्वबाट डिल भत्काएको |
| २० | नदि तथा खोला किनारा, स्थिरकरण । व्यवस्थापन समेत (स्पर, डाईक वायो ईन्जिनियरिङ्ग समेत) नदि नियन्त्रण सम्वन्धित काम | वडा नं. ७ को केमलीपुर जाने बाटो बसही खोला | डयाम । स्पर ।लन्चिङ तथा एप्रोन | रु. ६६,०४, ३७६।१० | रु. ६५,९२८५२।८९ | पुलको उत्तरी र पूर्व पश्चिको भाग करिब ४० मिटर रोड बगाएकोमा ४३ वटा ग्याविएन जाली बगाएको । वीचको भागमा ९ मिटर लामो स्पर पूर्ण रुपमा बगाएको । अर्को स्परमा आधा दबेको । लन्चिङ ८० मिटर जति क्षति पुगेको र पल्टेको । |
| २१ | नदि तथा खोला किनारा, स्थिरकरण । व्यवस्थापन समेत (स्पर, डाईक वायो ईन्जिनियरिङ्ग समेत) नदि नियन्त्रण सम्वन्धित काम | वडा नं. ७ को बसही खोला राजमार्ग पुलको उत्तर पट्टी | स्पर निर्माण | लागत सहभागिता सहित रु.११,०७,९००।५६ | रु. १०,९८,७४९।५६ | ७ वटामा ५ वटा स्परको मुख लच्केको । १ वटा पल्टाएको । |
| २२ | " | वडा नं. ५ को खानेपानी वोरिङ नजिक औरही नदिमा | नदी नियन्त्रणको तटवन्ध | रु.५८,७२,४४४।०६ | रु. ५५,१७,४२२।९९ | तटवन्धको माटो बगाएको । निर्माण भएका स्परहरु क्षति भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | " | वडा नं. ३ औरही नदि | नदि नियन्त्रण तटवन्धन | रु. १५,२३,९६६।५४ | रु. १५,१३,८९०।९५ | हाल सम्म क्षति नभएको |
| २४ | " | वडा नं. १ को आनन्दपुर | नदी नियन्त्रणको तटवन्ध | रु. ११,५८,९८१।२७ | रु. ११,४९,९६०।८९ | तटवन्धको माटो बगाएको । एप्रोन बगाएको । |
| २५. | वित्तीय समानीकरण तर्फको पुष्पवलपुरको तटवन्धन कार्य | वडा नं. ४ को चमिनी खोला | नदी नियन्त्रणको तटवन्ध | न.पा.बाट करिव ५० लाख र जनश्रमदानबाट ५ लाख | | १ स्परको आंशिक क्षति भएको। केही लन्चिड जमिन मुनि गाडिएको, डयामको आंशिक क्षति भएको । |
| २६ | वित्तीय समानीकरण तर्फको सुन्दरपुर बस्तीको तटवन्धन कार्य | वडा नं.९ को बडहरी खोला | नदी नियन्त्रणको तटवन्ध | करिब २ लाख पचहत्तर हजार | | आंशिक क्षति भएको । |
| २७ | प्रदेश सरकारबाट वडा नं. ५ को श्रीपुरमा निर्माण भएको सडक नाला | वडा नं. ५ श्रीपुरको रामलक्ष्मण चौक देखि औरही खोला सम्म | नाला निर्माण | करिब ५५ लाख | | ३० मिटर जति नाला भत्केको । |

२. आर्थिक वर्ष २०७५।०७६ मा नगर क्षेत्र भित्र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, तराई मधेश सम्वृद्धि कार्यक्रम, प्रदेश सरकारका कार्यक्रम र नगर सभाबाट स्वीकृत नगर तथा वडा स्तरीय विकास निर्माणका कार्यहरु उपभोक्ता समितिबाट र निर्माण व्यवशायीबाट निर्माण कार्य सम्पन्न भई भुक्तानी भएका, भुक्तानी हुने क्रममा रहेकोमा मिति २०७६ साल असार २६ गते देखि ऐ ३० गते सम्म देशै भर आएको भारी अबिरल वर्षाको कारण ती योजनाहरु आंशिक तथा पूर्ण क्षति भएको भनी विवरण प्राप्त भएकोले क्षतिको एकिन गरी भुक्तानी दिन वाँकी रहेका योजनाको भुक्तानी सम्वन्धमा आवश्यक सिफारिश गर्न उप प्रमुख श्री तारा कुमारी बस्नेत लामा संयोजक रहेको निम्न ७ सदस्यीय एकिन क्षति विवरण तयारी तथा भुक्तानी सिफारिश समिति गठन गर्ने निर्णय गरियो

निम्न

१. सदस्य (वडा अध्यक्ष, वडा नं. २) श्री विहारी महतो २. सदस्य (वडा अध्यक्ष, वडा नं. ३) श्री राम एकवाल महतो ३. सदस्य ( वडा अध्यक्ष, वडा नं. ५) श्री श्यामबाबु यादव ४.सदस्य ( का.पा.सदस्य ) श्री ठेट कुमारी दहाल ५.सदस्य ( का.पा.सदस्य) श्री देवी वहादुर तोलांगे ६.सदस्य (का.पा.सदस्य) श्री राजदेव ठाकुर

सहयोगी कर्मचारीहरु

१.अधिकृत सातौ श्री केशब कुमार अधिकारी २.ई.श्री ज्ञानेन्द्र कुमार देव ३. ई श्री जय गणेश सिंह

४.सहायक पाँचौ श्री शिव शंकर प्रसाद सिंह ५.सव ई श्री लालबाबु महतो ५. अ.सव. ईन्जिनियर श्री उमेश कुमार राय ६.अ.सव. ईन्जिनियर श्री मनिता अर्याल

३. अविरल वर्षाका कारण भएको धनजनको क्षतिको यथाशीघ्र संकलन गरी तत्काल खाद्य समाग्री, त्रिपाल र लत्ता कपडा वितरणको लागि प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने र यस नगरपालिकाबाट हाललाई घरगोठ पूर्ण क्षति भएका पिडीतहरुलाई त्रिपाल खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रत्येक वडामा तपसिल अनुसारको एक वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने र विपद्को समयमा तत्काल राहत वितरण गर्ने प्रयोजनको लागि प्रत्येक वडामा वडा अध्यक्ष र वडा सचिवको नाममा रहने गरी प्रति वडा १ लाखको विपद् कोष खडा गर्ने र विपद्को समयमा वडास्तरीय विपद् व्यवस्थापन समितिको सिफारिशमा तत्काल विपद् व्यवस्थापन तथा राहत वितरण गरी नगर कार्यपालिकाबाट अनुमोदन गराई विपद् व्यवस्थापन कोषको फछ्यौट तथा सोधभर्ना गराई सधै भरी कोषमा १ लाखमा नघट्ने गरी कोषलाई दुरुस्त राख्ने निर्णय गरियो ।

५. यही मिति २०७६।३।२६ गते विहीबार देखि मिति २०७६।३।३० गते सोमबार सम्म देशै भरी आएको अविरल भारी वर्षाका कारण हाल सम्म ५२ जनाको मृत्यु भई व्यापक धनजनको क्षति भएको जानकारी प्राप्त भएकोले मृतकहरु प्रति समवेदना प्रकट गर्दै विपद् व्यवस्थापनको लागि जुटन सबै पक्षलाई अनुरोध गर्ने निर्णय गरियो ।